रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ भागः २ मितिः २०८०/०५/२५

## भाग-२
## रोशी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रोशी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८० सालको कार्यविधि नं: ५

### रोशी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

रोशी गाउँपालिका क्षेत्र भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी रोशी गाउँपालिकाले यो कार्यबिधि बनाएको छ ।

## परिच्छेदः १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "**अध्यक्ष**" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ।

(ख) **"एम्बुलेन्स"** भन्नाले बिरामी ओसार्न स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ग) **"एम्बुलेन्स जनशक्ति"** भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले रोशी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) **"कोष"** भन्नाले रोशी गाउँ कार्यपालिकाको एम्बुलेन्स संचालन कोषलाई सम्झनु पर्छ ।

(च) **"चालक"** भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(छ) **"गाउँपालिका"** भन्नाले रोशी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ज ) **"सेवा शुल्क"** भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी दफा ३ बमोजिमको समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(झ) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ञ) **"सेवा"** भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

# परिच्छेदः२

# एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :**

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका प्रमुख - संयोजक

(ख) गाउँपालिका उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) सम्वन्धित वडाका वडा अध्यक्ष, – सदस्य

(च) गाउँ सभाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी संयोजकले चयन गरेको १ जना सदस्य

(छ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य-सचिब

(२) गाउँपालिकाले आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स गाउँपालिका आफैले संचालन नगरी कुनै संघ संस्थालाई हस्तान्तरण गरेमा सोको संचालन सोही संस्थाको व्यवस्थापन कार्य समितिले संचालन तथा व्यवस्थापनको कार्य गर्नेछ ।

(३) दफा ३ को उपदफ (२) अनुसार हस्तान्तरण भै सञ्चालनमा रहेको एम्बुलेन्स पुनः गा पा ले नै संचालन गर्ने निर्णय भएमा यस अघि हस्तान्तरण भएको सम्बन्धित समिती मार्फत

संचालनमा रहेकोमा उक्त समिती दफा ३ को उपदफा (१) बमोजिमको समितीले आवश्यकता र औचित्यका आधारमा खारेज गर्न सकिनेछ ।

(४) कुनै संघ संस्थालाई एम्बुलेन्स हस्तान्तरण गर्नु परेमा सो संस्थासंग गाउँपालिकाले सम्झौता गरि हस्तान्तरण गरिनेछ ।

(५) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक ६/६ महिनामा गाउँ कार्यपालिकामा पेश गरी गाउँसभामा अनुमोदन गराउनुपर्नेछ ।

(९) एम्बुलेन्स संचालन समितिको काम चित्त बुझ्दो नभएमा गाउँ प्रमुख बाट हेरफेर र नयाँ समिति गठन गर्न सकिनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार** :

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । निर्धारण भएको भाडा वार्षिक रुपमा पुनरावलोकन गर्ने ।

(च) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने ।

(छ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(ज) चालकले अनुसुची १ बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(झ) रोशी गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने वा नदिने निर्णय गर्ने ।

# परिच्छेदः ३

(५) कर्मचारी व्यवस्थापन तथा सेवा शर्त सम्बन्धी व्यवस्था :

कर्मचारी नियुक्तिः (१) एम्बुलेन्स सञ्चालनका लागि एक जना चालक -हलुका सवारी चालक प्रथम तह वा सो सरह) करार सेवामा भर्ना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सबै कार्य गाउँपालिकाको कार्यालयले प्रचालित कानुनको रीत पुर्याई गर्नेछ ।

(३) पारिश्रमिक तथा सेवा शर्तहरुः (१) एम्बुलेन्स चालकले हलुका सवारी चालक प्रथम तहको स्थानिय तहको सवारी चालक कर्मचारीले पाए सरहको तलब पाउनेछ ।

(४)एम्बुलेन्स चालकले उपदफा (१) बमोजिमको पाउने तलब बाहेक एम्बुलेन्स सञ्चालन भएको अवधीको स्थान, समय र दुरीको आधारमा थप भत्ता संचालक समितिको प्रस्ताव र कार्यपालिकाको निणर्य अनुसार पाउनेछ ।

(५) एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्बुलेन्स सञ्चालन कोषबाट व्यहोरिनेछ । यदि नपुग भएमा नपुग भएको रकम गाउँपालिकाबाट व्यवस्थापन गरिनेछ ।

(६) एम्बुलेन्स चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । साथै तेस्रो पक्षको बीमा गरिनेछ र बीमा प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिम खडा गरिएको कोषबाट व्यहोरिनेछ ।

(७) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची (२) बमोजिम हुनेछ ।

(८) अवकाश दिन सकिने : आफ्नो पद जिम्मेवारी सम्बन्धी आचरण नियम अनुसार पालना नगरेको अवस्थामा चालकलाई सो पदबाट हटाउन सकिनेछ । पद मुक्त गर्नु भन्दा अगाडी प्रचलित कानूनी व्यवस्था अनुसार सफाइ पेश गर्ने मौकावाट बञ्चित गरिनेछैन ।

# परिच्छेदः ४

(६) एम्बुलेन्स रहने स्थान र मर्मत सम्भार :

(१) एम्बुलेन्स एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितीले तोकेको पार्किङ्ग स्थलमा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(३) बाटोमा एम्बुलेन्स बिग्रिएमा रु १००० सम्म खर्च गरि चालकले आफै मर्मत गर्न सक्नेछ सो भन्दा बढी रु ५०००/- सम्म संयोजक निर्देशनमा खर्च गर्न सकिने छ ।

(४) रु ५०००/- भन्दा माथिको मर्मत प्रचलित नियमानुसार गरिनेछ ।

**(७) एम्बुलेन्स प्रयोग सम्बन्धी व्यवस्थाः**

(१) एम्बुलेन्स सेवा दिएको स्थान र मिति बुझ्ने गरी अनुसूची-६ बमोजिम लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकमा रहने छ । सोको प्रमाणित गराउने जिम्मेवारी एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिको सदस्य सचिवको हुनेछ ।

(२) एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी विरामी लैजानु अगावै प्रयोगकर्ताले कार्यालय/चालक समक्ष पेश गर्नु पर्नेछ ।

(३) चालकले उपदफा (१) बमोजिम कागजात तथा सेवा शूल्क बुझेको हकमा फिर्ता भएको २४ घण्टाभित्र कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) एम्बुलेन्स प्रयोगको क्रममा विरामीको मृत्यृ भएमा सोको जिम्मेवारी एम्बुलेन्स प्रयोगकर्ता आफै हुनेछ ।

(५) एम्बुलेन्स प्रयोग गरे वापत अनुसूची १ मा उल्लेख भए बमोजिमको शुल्क प्रयोगकर्ताले प्रयोग भएको दुरी अनुसार आतेजाते कै बुझाउनु पर्नेछ ।

(६) एम्बुलेन्स प्रयोग गरे वापत छुटको व्यवस्था अनुसूची ५ बमोजिम हुनेछ ।

(८) **एम्बुलेन्स संचालन कोष** : (१) एम्बुलेन्सको नियमित मर्मत संभार तथा कर्मचारीको तलब भत्ताको व्यवस्था गरी एम्बुलेन्सको नियमित संचालन सुनिश्चित गर्न एक छुटै एम्बुलेन्स संचालन कोष खडा गरी संचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खडा गरिने एम्बुलेन्स संचालन कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) सेवाग्राहीबाट प्राप्त सेवा शुल्क,

(ख) भाडामा प्रयोग गर्न दिएमा भाडा वापत रकम,

(ग) संघीय प्रदेश सरकार र गाउँपालिकाबाट एम्बुलेन्स संचालनका लागि रकम,

(घ) अन्य दातृ निकायबाट प्राप्त कुनै अनुदान तथा सहयोग रकम आदि ।

(९) **कोष संचालन र प्रयोग** : (१) एम्बुलेन्स कोषको रकम बैंकमा एउटा छुट्टै खाता खोली संचालन गरिनेछ ।

(२) कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको आ.प्र. शाखामा कार्यरत कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) कोषमा जम्मा रहेको रकमबाट देहाय बमोजिमको खर्च व्यहोरिनेछ । त्यस बाहेक अन्य शिर्षकमा खर्च गर्न पाईने छैन ।

(क) चालकको तलब, भत्ता, बीमा तथा अन्य सेवा सुविधा ।

(ख) एम्बुलेन्स मर्मत सम्भार तथा फ्युल लुब्रिकेन्डमा लाग्ने खर्च ।

(ग) समितिको बैठक भत्ता ।

(घ) एम्बुलेन्समा आउने अन्य भैपरी खर्च ।

# परिच्छेदः ५

(१०) **विविध** :

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार एम्बुलेन्स चालक/विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको दुर्घटना विमाको दायित्व बाहेक अन्य विमा सम्बन्धी दायित्व बहन गर्न गाउँपालिका बाध्य हुने छैन ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(४) सवारी चालकले आफू गएको स्थान र विरामी लिन जानुपूर्व कार्यालय प्रमुख वा समितिको सदस्य सचिवलाई जानकारी दिनुपर्नेछ ।

(५) एम्बुलेन्स संचालन कोषको आय व्ययको लेखा आर्थिक प्रशासन ऐन नियम बमोजिम आर्थिक प्रशासन शाखाले राखी लेखा परीक्षण महालेखा परिक्षणको कार्यालयबाट बार्षिक रुपमा गरिनेछ ।

(६) यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै कार्यविधि र नलेखिएको कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

(कार्यविधिको दफा ४ को उपदफा १ (ज) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

रोशी गाउँपालिकाको एम्बुलेन्स सेवा दिएवापतको एकतर्फि भाडा दर निम्न अनुसार तोकिएको छ।

१) न्यूनतम शुल्क रु ५००/-

२) कच्ची सडक प्रति कि.मी.- रु १५०/-

३) ग्रावेल सडक प्रति कि.मी. - रु १०० /-

४) पक्की सडक प्रति कि.मी. - रु ५०/-

नोट रोशी गाउँपालिका बाहेक छिमेकी गाउँपालिका, नगरपालिका तथा जिल्लाको स्थान हेरी माथि उल्लेखित दरमा प्रति कि.मी. रु ५०/- थप शुल्क लिइनेछ।

अनुसूची २

(कार्यविधिको दफा ५ को उपदफा (७) सँग सम्बन्धीत)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन कार्यविधी, २०८० लाई पूर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफुले लिएको निर्णयहरुमा आफै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुर्‍याउनु पर्ने,
११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने । म ...................................... (नाम) .................................... ठेगाना .................................. ना.प्र.प.नं. ..................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ........................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ....................................... जिल्ला ..................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको : | रोहबरमा प्रमाणित गर्ने व्यक्तिको : |
| दस्तखत : | नाम/पद : |
| | दस्तखत : |

अनुसूची ३

(कार्यविधिको दफा १० को उपदफा (१) सँग सम्बन्धीत)

"ग" वर्गको **(Common Life Support (CLS))** एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stetcher Cum Board,
- Strethoscopre, B.P. Apparatus, Toarchlight,
- Driver With basic training in first aid and emergent medicine.

अनुसूची ४
(कार्यविधिको दफा ७ को उपदफा (५) सँग सम्बन्धीत)
सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि प्रयोग गरिने नगदी रसिद

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, काभ्रे
एम्बुलेन्स सेवा प्रयोग बापतको नगदी रसिद

रसिद नं ..........                                                  मिति : ..........

बिरामीको नाम : .................................................................... उमेर : ............
स्थायी ठेगाना : ................................................................ सम्पर्क नं .....................
सेवा दिइएको स्थान : .................................... देखि .......................................... सम्म
सेवा शुल्क : रु...............................

बुझाउनेको सहि                                                  बुझिलिनेको सहि

(प्रत्येक नगदी रसिदमा गाउँपालिकाको छाप लगाएको हुनुपर्नेछ ।)

अनुसूची ५

(कार्यविधिको दफा ७ को उपदफा (६) सँग सम्बन्धीत)

रोशी गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गरिरहेका गाउँपालिका बासीहरुलाई एम्बुलेन्स सेवामा दिइने विशेष सुविधाहरु

१. रोशी गाउँपालिका भित्र स्थायी बसोबास गरिरहेका गर्भवती महिलाहरुलाई प्रसुति सेवाको लागि गाउँपालिकाको जुनसुकै स्थानबाट गाउँपालिका कै वर्थिङ्ग सेन्टरसम्म आउँदा र जाँदा सेवा शुल्क निःशुल्क गरिनेछ ।

२. अति गरिब, विपन्न तथा पिछडिएको वर्गका गाउँपालिका बासीहरुलाई सम्बन्धित वडाको वडाध्यक्षको सिफारिसमा जिल्ला स्थित अस्पताल सम्म पुर्याउन लाग्ने शुल्क गाउँपालिका अध्यक्षबाट निशुल्क गर्न सकिनेछ ।

३. गाउँपालिकाबासी ज्येष्ठ नागरिकहरुलाई गाउँपालिकाको जुनसुकै स्थानबाट जिल्ला स्थित अस्पतालसम्म आउँदाको मात्र सेवाशुल्कमा २० प्रतिशत छुट गरिनेछ । अन्य ठाउँ जानुपरेमा १० प्रतिशतसम्म छुट दिन सकिने छ ।

४. माथि उल्लेखित छुटबाहेक अन्य छुट दिने सम्पूर्ण अधिकार गाउँपालिका प्रमुखलाई हुनेछ । गाउँपालिका प्रमुखको आदेशअनुसार चालकले कार्य गर्नुपर्नेछ ।

अनुसूची ६

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धीत)

## रोशी गाउँपालिका, काभ्रे

*एम्वुलेन्स लगबुक*

सवारी नम्वरः-          महिनाः-          सालः-          चालकको नामः-

| मिति | स्थान | | सुरु कि.मी. | अन्तिम कि.मी. | प्रयोग भएको कि.मी. | | | | प्रयोगको उद्धेश्य | स्वीकृत गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | कच्ची | ग्रावेल | पक्की | जम्मा | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले

राम बहादुर तामाङ

प्रमुख प्रशासकीय अधिकृत